अब मात्र रु. १,५०० मा शिक्षक सेवा आयोग को कक्षा परीक्षा नहुन्जेल सम्मको लागि गुरुमन्त्र एकेडेमीमा

सफलताको एक मात्र मन्त्र, गुरुमन्त्र एकेडेमी
गुरुमन्त्र एकेडेमी
नयाँ बानेश्वर, काठमाडौं, सम्पर्क: 9749344744, 9861534895
लोक सेवा शिक्षक सेवा बैंकिङ्ग सुरक्षा

# शिक्षक सेवा आयोग

## नेपालको संविधान सँग सम्बन्धित १०० वस्तुगत बहुबैकल्पिक प्रश्नोत्तर

**१. नेपालको संविधानमा उल्लेखित सम्मानपूर्वक बाँच्न पाउने हक अन्तर्गत देहायको कुन पर्दछ ?**

A. राज्यले कुनै पनि आाधारमा कसैलाई भेदभाव गर्ने छैन।

B. कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन।

C. कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी गरी कानुन बनाइने छैन।

D. पक्राउ परेको व्यक्तिलाई  शारिरीक वा मानसिक यातना दिइने छैन।

**२. पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थापनबाट बाटेको म्याद बाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्न अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने व्यवस्था कुन मौलिक हक अन्तर्गत पर्दछ ?**

A. न्यायसम्बन्धी हक

B. निवारक नजरबन्दविरुद्धको हक

C. यातनाविरुद्धको हक

D. संवैधानिक उपचारको हक

**३. नेपालको संविधान २०७२ को कुन धारामा सञ्चारको हकको व्यवस्था गरिएको  छ ?**

A. धारा २१

B. धारा २०

C. धारा १९

D. धारा २८

**४. नेपालको संविधान २०७२ अनुसार स्वतन्त्रताको हक अन्तर्गत देहायको कुन पर्दछ ?**

A. श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न पाउने स्वतन्त्रता

B. आफूलाई इच्छ लागेको कानुन व्यवसायीसँग परामर्श गर्न पाउने स्वतन्त्रता

C. आधारभूत शिक्षा एवम् स्वास्थ्य पाउने स्वतन्त्रता

D. उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता

**५. कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भने व्यवस्था कुन मौलिक हमअन्तर्गत पर्दछ ?**

A. न्यायसम्बन्धी हक

B. निवारक नजरबन्दविरुद्धको हक

C. यातनाविरुद्धको हक

D. संवैधानिक उपचारको हक

**६. नेपालको संविधान २०७२ को मौलिक हकमा कसलाई कानुनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने व्यवस्था गरिएको छ ?**

A. द्धन्द्धपीडितलाई

B. अपराध पीडितलाई

C. समाजमा पछाडि पारिएको वर्गलाई

D. असमर्थ पक्षलाई

**७. नेपालको संविधान २०७२ को मौलिक हकमा कसलाई कानुनबमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ ?**

A. असमर्थ पक्षलाई
B. अपराध पीडितलाई
C. समाजमा पछाडि पारिएको वर्गलाई
D. विपन्न नागरिकलाई

**८. नेपालको संविधान २०७२ को धारा २३ मा कुन हकको व्यवस्था गरिएको छ ?**

A. न्यायसम्बन्धी हक
B. निवारक नजरबन्दविरुद्धको हक
C. यातनाविरुद्धको हक
D. अपराध पीडितको हक

**९. नेपालको संविधान २०७२ अनुसार निवारक नजरबन्द रहेको व्यक्तिका स्थितिको बारेमा कसलाई कानुन बमोजिम तत्काल जानकारी दिनुपर्ने व्यवस्था छ ?**

A. परिवारका सदस्य वा नजिकको नातेदारलाई
B. परिवारका सदस्यलाई
C. छिमेकीलाई
D. सर्वसाधारणलाई

**१०. कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट वञ्चित नगरिने संविधानको कुन हकअन्तर्गत पर्दछ ?**

A. सामाजिक न्यायको हक
B. समानताको हक
C. सुरक्षाको हक
D. छुवाछुत तथा जातीय भेदभावविरुद्धको हक

**११. नेपालको संविधान २०७२ को धारा २४ मा कुन हकको व्यवस्था गरिएको छ ?**

A. सम्पत्तिको हक
B. छुवाछुत तथा जातीय भेदभावविरुद्धको हक
C. यातनाविरुद्धको हक
D. धार्मिक स्वतन्त्रताको हक

**१२. नेपालको संविधान २०७२ को धारा २४ को प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्यलाई कस्तो अपराधको रुपमा लिई कानुनबमोजिम दण्डनीय हुने व्यवस्था गरिएको छ ?**

A. फौजदारी अपराध
B. सामाजिक अपराध
C. गम्भीर सामाजिक अपराध
D. गम्भीर नैतिक अपराध

**१३. लैंगिक भेदभाव बिना समान वंशीय हक हुने यो कुन हक अन्तर्गत पर्दछ ?**

A. सामाजिक न्यायको हक
B. भेदभावविरुद्धको हक
C. समानताको हक
D. महिलाको हक

**१४. नेपालको संविधान २०७२ कुन धारामा महिलाको हकको व्यवस्था गरिएको छ र उक्त धारामा कति वटा उपधाराहरु रहेका छन् ?**

A. धारा ३९, उपधारा ६ वटा
B. धारा ३८, उपधारा ६ वटा
C. धारा ३८, उपधारा १० वटा
D. धारा २८, उपधारा ५ वटा

**१५. नेपालको संविधान २०७२ कुन धारामा बालबालिकाको हकको व्यवस्था गरिएको छ र उक्त धारामा कति वटा उपधाराहरु रहेका छन् ?**

A. धारा ३९, उपधारा १० वटा
B. धारा ३९, उपधारा ८ वटा
C. धारा ३८, उपधारा १० वटा
D. धारा ३९, उपधारा ११ वटा

**१६. नेपालको संविधानको धारा ३९ मा उल्लेखित बालबालिकाको हकमा देहायको कुन कुरा उल्लेखित छैन ?**

A. आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक
B. प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक
C. सकारात्मक विभेदका आधारमा विशेष अवसर पाउने हक
D. कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउने नपाइने

**१७. नेपालको संविधानको धारा ४० के सँग सम्बन्धित छ ?**

A. सामाजिक न्यायको हक
B. ज्येष्ठ नागरिकको हक
C. सामाजिक सुरक्षाको हक
D. दलितको हक

**१८. नेपालको संविधानको मौलिक हकमा सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको ........ का लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने व्यवस्था छ।**

A. आरक्षण, प्रतिनिधित्व र सहभागिता
B. सशक्तिकरण, प्रतिनिधित्व र सहभागिता
C. प्रतिनिधित्व र सहभागिता
D. शिक्षा, प्रतिनिधित्व र सहभागिता

**१९. नेपालको संविधानको मौलिक हक अन्तर्गत दलितको हकमा दलित विद्यार्थीलाई कुन तहको शिक्षामा कानुनबमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने व्यवस्था छ।**

A. प्राथमिकदेखि माध्यमिक शिक्षासम्म
B. माध्यमिकदेखि उच्च शिक्षासम्म
C. प्राथमिकदेखि उच्च शिक्षासम्म
D. प्राथमिकदेखि स्नातक तहको शिक्षासम्म

**२०. नेपालको संविधानको धारा ४१ के सँग सम्बन्धित छ ?**

A. सामाजिक न्यायको हक
B. ज्येष्ठ नागरिकको हक
C. सामाजिक सुरक्षाको हक
D. दलितको हक

**२१. आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब, किसान र मजदुरलाई राज्यको संरचनामा कसरी सहभागी हुने हक हुन्छ ?**

A. मिश्रित समावेशी सिद्धान्तको आधारमा
B. समानुपातिक समावेशी सिद्धान्तको आधारमा
C. नेपाल सरकारले गरेको निर्णयको आधारमा
D. एकल सिद्धान्तको आधारमा

**२२. आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक मौलिक हकअन्तर्गत पर्दछ ?**

A. समानताको हक
B. भेदभावविरुद्धको हक
C. सामाजिक न्यायको हक
D. स्वतन्त्रताको हक

**२३. सामाजिक न्यायको हक नेपालको संविधानको कुन धारामा उल्लेख भएको छ ?**

A. धारा ४०
C. धारा ४२
B. धारा ४१
D. धारा ४३

**२४. नेपालको संविधानको धारा ४३ के सँग सम्बन्धित छ ?**

A. उपभोक्ताको हक
C. देश निकाला विरुद्धको हक
B. सामाजिक सुरक्षाको हक
D. संवैधानिक उपचारको हक

**२५. नेपालको संविधानको धारा ४४ के सँग सम्बन्धित छ ?**

A. उपभ्कोताको हक
C. देश निकाला विरुद्धको हक
B. सामाजिक सुरक्षाको हक
D. संवैधानिक उपचारको हक

**२६. नेपालको संविधानको कुन नीतिमा शिक्षासम्बन्धी नीतिहरु उल्लेख गरिएका छन् ?**

A. विकाससम्बन्धी नीति
B. सामाजिक र सांस्कृतिक रुपान्तरणसम्बन्धी नीति
C. नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति
D. सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति

**२७. नेपालको संविधानको कुन भागमा लेखिएका कुनै विषय कार्यान्वन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने व्यवस्था छ ?**

A. भाग ३
C. भाग ५
B. भाग ४
D. भाग ६

**२८. नेपालको संविधानको अनुसूची ५ मा संघको अधिकार अन्तर्गत शिक्षासम्बन्धी के व्यवस्था छ ?**

A. केन्द्रीय विश्वविद्यालय, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय
B. केन्द्रीय विश्वविद्यालय, केन्द्रीस्तरका प्रज्ञा प्रतिष्ठान, केन्द्रीय पुस्तकालय
C. केन्द्रीय विश्वविद्यालय, केन्द्रीस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन
D. केन्द्रीय विश्वविद्यालय, केन्द्रीस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय

**२९. नेपालको संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार अन्तर्गत शिक्षासम्बन्धी के व्यवस्था छ ?**

A. शिक्षा, खेलकुद र पत्रपत्रिका
B. प्रदेश विश्व विद्यालय, उच्च शिक्षा, पुस्तकालय र संग्रहालय
C. आधारभूत र माध्यमिक शिक्षा
D. प्रदेश विश्व विद्यालय, पुस्तकालय र संग्रहालय

**३०. नेपालको संविधानको कुन अनुसूचीमा शिक्षासम्बन्धी स्थानीय तहको अधिकार "आधारभूत र माध्यमिक शिक्षा" उल्लेखित छ ?**

A. अनुसूची ६
C. अनुसूची ८
B. अनुसूची ७
D. अनुसूची ९

**३१. नेपालमा कस्तो नागरिकताको व्यवस्था छ ?**

A. संघीय नागरिकता
B. स्थानीय पहिचान सहितको एकल संघीय नागरिकता
C. प्रादेशिक पहिचानसहितको एकल संघीय नागरिकता
D. अंगिकृत नागरिकता

**३२. गैर आवासीय नागरिकता पाउनेले कस्तो अधिकार उपभोग गर्न पाउँछन् ?**

A. आर्थिक
C. सांस्कृतिक
B. सामाजिक
D. माथिका सबै

**३३. प्रदेशको कार्यकारिणी कार्यहरु .............. का नाममा हुनेछन् ।**

A. प्रदेश व्यवस्थापिका
C. प्रदेश सरकार
B. प्रदेश संसद
D. प्रदेश मन्त्रीपरिषद

**३४. प्रदेश प्रमुख हुन कति वर्ष उमेर काटेको हुनुपर्ने व्यवस्था छ ?**

A. २५ वर्ष
C. ४० वर्ष
B. ३५ वर्ष
D. ४५ वर्ष

**३५. प्रदेश प्रमुख ....... समक्ष शपथ लिनुपर्नेछ ?**

A. उच्च अदालतको मुख्य न्यायाधीस
C. मुख्य मन्त्री
B. प्रधानन्यायाधीस
D. राष्ट्रपति

**३६. नेपालको संविधान २०७२ बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक कस कसलाई हुनेछ ?**

A. दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई
B. शिक्षाको क्षेत्रमा पछाडि परेको समुदायलाई
C. आर्थिक सामाजिक हिसाबले पछाडि परेको समुदायलाई
D. प्रत्येक नागरिकलाई

**३७. नेपालको संविधान २०७२ बमोजिम प्रत्येक समुदायका नेपाली नागरिकलाई कानुनबमोजिम कस्तो भाषामा शिक्षा पाउने हक हुनेछ ?**

A. आफ्नो मातृभाषामा
C. आफूलाई इच्छा लागेको भाषामा
B. नेपाली भाषामा
D. विद्यालयले तोकिदिएको भाषामा

**३८. नेपालको संविधान २०७२ बमोजिम प्रत्येक समुदायका नेपाली नागरिकालाई कानुनबमोजिम कस्तो भाषामा शिक्षा पाउने हक हुनेछ ?**

A. नेपाली भाषा
C. मातृभाषा
B. अंग्रेजी भाषा
D. दोस्रो भाषा

**३९. शिक्षा सम्बन्धी हक अन्तर्गत कुन पर्दैन ?**

A. आफ्नो मातृभाषामा आधारित शिक्षा पाउने
B. माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने
C. अनिवार्य निःशुल्क आधारभूत शिक्षा पाउने
D. मातृभाषी नेपाली नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने

**४०. नेपालको संविधान अनुसार कुन तहसम्मको शिक्षा अनिवार्य र निशुल्क हुने व्यवस्था छ ?**

A. प्राथमिक शिक्षा
B. आधारभूत शिक्षा
C. माध्यमिक शिक्षा
D. विद्यालय शिक्षा

**४१. नेपालको संविधान कहिलेबाट लागू भएको हो ?**

A. २०७२ असोज २ गते
B. २०७२ असोज ३ गते
C. २०७२ असोज ४ गते
D. २०७२ असोज ५ गते

**४२. नेपालको सार्वभौसत्ता र राजकीय सत्ता कसमा निहित रहेको छ ?**

A. मन्त्रिपरिषद्मा
B. राष्ट्रपतिमा
C. नेपाली जनतामा
D. नेपालका नागरिकता

**४३. नागरिकता सम्बन्धमा नेपालको संविधानमा तलका मध्ये कुन व्यवस्था रादिएको छैन ?**

A. कुनै पनि नेपाली नागरिकलाई नागरिकताबाट वञ्चित गरिने छैन।
B. नेपाल सरकारले केन्द्रीय कानुन बमोजिम नेपालको सम्मानार्थ नागरिकता प्रदान गर्न सक्नेछ।
C. वंशजको आधारमा नागरिकता प्राप्त गर्ने व्यक्तिले आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान संहितको नागरिकता प्राप्त गर्ने छ।
D. नेपालमा प्रादेशिक पहिचान सहितको एकल सङ्घीय नागरिकताको व्यवस्था गरिएको छ।

**४४. वर्तमान नेपालको संविधानमा कति वाट मौलिक हकको व्यवस्था गरिएको छ ?**

A. ३१ वटा
B. ३० वटा
C. ३३ वटा
D. ३२ वटा

**४५. नेपालको संविधान २०७२ को भाग ३ को धारा कतिदेखि धारा कतिमा मौलिक हकको व्यवस्था गरिएको छ ?**

A. धारा १६ देखि ४६ सम्म
B. धारा १६ देखि ४७ सम्म
C. धारा १६ देखि ४५ सम्म
D. धारा १६ देखि ४८ सम्म

**४६. नेपालको संविधानको शिक्षा सम्बन्धी मौलिक हकमा तलका मध्ये कुन व्यवस्था गरिएको छैन ?**

A. प्रत्येक नागरिकलाई माध्यमिक शिक्षामा पहुँचको हक हुनेछ।
B. प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुनेछ।
C. प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
D. अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुनबमोजिम नि :शुल्क शिक्षा पाउने हक हुनेछ।

**४७. वर्तमान नेपालको संविधानमा कुन तहसम्मको शिक्षा अनिवार्य र निशुःल्क बनाइएको छ ?**

A. प्राथमिक तह
B. आधारभूत तह
C. निम्नमाध्यमिक तह
D. माध्यमिक तह

**४८. वर्तमान नेपालको संविधानमा कुन तहसम्मको शिक्षालाई निःशुल्क बनाइएको छ ?**

A. प्राथमिक
B. निम्नमाध्यमिक
C. आधारभूत
D. माध्यमिक तह

**४९. वर्तमान संविधानमा आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक कसलाई प्रदान गरेको छ ?**

A. प्रत्येक विद्यालयलाई
B. प्रत्येक नेपाली समुदायलाई
C. प्रत्येक नागरिकलाई
D. प्रत्येक नागरिक र समुदायलाई

**५०. नेपालको वर्तमान संविधान कुन धारामा महिलाको हकको व्यवस्था गरिएको छ ?**

A. धारा ३६
B. धारा ३७
C. धारा ३८
D. धारा ३९

**५१. नेपालको संविधानको महिला सम्बन्धी हकअन्तर्गत तलका मध्ये कुन उल्लेख गरिएको छैन ?**

A. प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हनेछ।
B. राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।
C. सम्पत्ति तथा परिवारिक मामिलामा दम्पत्तीको समान हक हुनेछ।
D. महिलाको शारीरिक अवस्थालाई मध्यनजर गरी विशेष हक प्रदान गरिनेछ।

**५२. बालबालिकाको हक अन्तर्गत तलका मध्ये कुन कुरा उल्लेख गरिएको छैन ?**

A. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदताको हक हुनेछ।
B. प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालविकास तथा बाल सहभागिताको हक हुनेछ।
C. कुनै पनि बालबालिकालाई अभिभावकको स्वीकृति विना कल कारखाना खानी या यस्तै अन्य जोखिमपूर्ण काम लगाउने पाउने छैन।
D. कुनै बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक वा मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

**५३. तलका मध्ये कुन मौलिक हक नेपालको संविधानमा पहिलो पटक थप गरिएको हो ?**

A. दलितको हक
B. सामजिक न्यायको हक
C. स्वास्थ्य सम्बन्धी हक
D. सूचनाको हक

**५४. तलका मध्ये कुन नीति नेपालको वर्तमान संविधानको राज्यमा निर्देशक सिद्धान्त नीति तथा दायित्व अन्तर्गत समावेश गरिएको छैन ?**

A. राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीति
B. कृषि र भूमि सुधार सम्बन्धी नीति
C. पर्यटन सम्बन्धी नीति
D. सूचना, सञ्चार र प्रविधिसम्बन्धी नीति

**५५. वर्तमान नेपालको संविधान राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत कति वटा राज्यका नीतिहरु प्रस्तुत गरिएको छ ?**

A. १२ वटा
B. १३ वटा
C. १४ वटा
D. १५ वटा

**५६. नेपालको मूल कानून कुन हो ?**

A. नेपालको संविधान
B. नेपालको अन्तरिम संविधान, २०६३
C. मूलूकी ऐन, २०२०
D. सङ्घीय कानुन

**५७. नेपालको संविधानको भाग १३ मा के सम्बन्धी व्यवस्था गरिएको छ ?**

A. प्रदेश कार्यपालिका
B. प्रदेश व्यवस्थापिका
C. न्यायपालिका
D. महान्याधिवक्ता

**५८. नेपालको तलको मध्ये कस्तो राष्ट्र हो ?**

A. बहुजाति, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, भौगोलिक विविधता
B. धर्मनिरपेक्ष
C. बहुजाति, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक
D. बहुजाति र बहुभाषिक

**५९. नेपालको संविधानको भाग १४ मा के सम्बन्धी व्यवस्था गरिएको छ ?**

A. प्रदेश कार्यपालिका
B. प्रदेश व्यवस्थापिका
C. न्यायपालिका
D. महान्यायाधिवक्ता

**६०. नेपालको संविधानको भाग १ प्रारम्भिकमा कति वटा धारा छन् ?**

A. वटा
B. ९ वटा
C. १० वटा
D. १२ वटा

**६१. नेपालको संविधानमा राष्ट्रिय झन्डा कति धारामा उल्लेख छ ?**

A. धारा ८
B. धारा ४
C. धारा १३
D. धारा १८

**६२. नेपालको राष्ट्रिय झण्डा बनाउने कुरा संविधानको कति अनुसूचीमा रहेको छ ?**

A. अनुसूची ४
B. अनुसूची ३
C. अनुसूची २
D. अनुसूची १

**६३. नेपालको राष्ट्रिय गान कति अनुसूचीमा दिइएको छ ?**

A. अनुसूची ४
B. अनुसूची ३
C. अनुसूची २
D. अनुसूची १

**६४. नेपालको संविधानमा सरकारी कामकागको भाषा कुन हो व्यवस्था छ ?**

A. देवनागरी लिपीमा लेखिने नेपाली भाषा
B. स्थानीय वोलिने भााषा
C. नेवारी भाषा
D. माथिका सबै

**६५. नेपालको संविधान अनुसार मुख्यमन्त्रीले कोसँग सपथ लिने व्यवस्था छ ,**

A. प्रदेश प्रमुख
B. प्रधानन्यायधिस
C. न्यायाधिस, उच्च अदालत
D. प्रधानमन्त्री

**६६. प्रदेश सभामा पहिलो हुने निर्वाचन प्रणाली कति प्रतिशत सदस्यका लागि छुट्याइएको छ ?**

A. ५० प्रतिशत
B. ४० प्रतिशत
C. ६० प्रतिशत
D. ७५ प्रतिशत

**६७. नेपालको वर्तमान संविधान अनुसार नेपाल कस्तो राज्य हो ?**

A. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य
B. धर्मनिरपेक्ष
C. सङ्घीय राज्य
D. अखण्ड राज्य

**६८. प्रदेश सभाको कार्यकाल कति वर्षको हुन्छ ?**

A. ३ वर्ष
B. ५ वर्ष
C. ४ वर्ष
D. २ वर्ष

**६९. प्रदेश सरकारको कामकाजको भाषा कुन हुनेछ ?**

A. बहुसंख्यक जनताले बोल्ने राष्ट्रिय भाषा
B. प्रदेश सरकारले तोकेको भाषा
C. बहुसंख्यक जनताले बोल्ने कम्तीमा दुईभन्दा बढी अन्य राष्ट्रिय भाषा
D. बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रिय भाषा

**७०. प्रदेशको सरकारी कामकाजको भाषा कसले निर्धारण गर्नेछ ?**

A. प्रदेश कानुन
B. केन्द्रीय कानुन
C. प्रदेश सभा
D. राष्ट्रिय कानुन

**७१. नेपालको संविधानमा प्रदेश व्यवस्थापन कार्यविधि कति भागमा रहेको छ ?**

A. भाग १४
B. भाग १६
C. भाग १७
D. भाग १५

**७२. नेपालको संविधान अनुसार प्रदेश सभाले पास गरेको विधेयक प्रदेश प्रमुख समक्ष कसले प्रमाणीत गरी पेश गर्नुपर्दछ ?**

A. मुख्यमन्त्री
B. सभामुखी
C. प्रधानमन्त्री
D. राष्ट्रप्रति

गुरुमन्त्र एकेडेमी

**७३. नेपालाको संविधानको भाग १६ मा के को व्यवस्था गरिएको छ ?**

A. स्थानीय व्यवस्थापिका
B. प्रदेश कार्यपालिका
C. स्थानीय कार्यपालिका
D. प्रदेश आर्थिक कार्यप्रणाली

**७४. नेपालको संविधानको भाग २ मा कति वटा धारा रहेका छन् ?**

A. ४ वटा
B. ५ वटा
C. ८ वटा
D. ६ वटा

**७५. नेपालको प्रत्येक नागरिकको परिचय खुल्नेगरी अभिलेख राख्ने तथा नेपाली नागरिकता सम्बन्धी अन्य व्यवस्था कुन कानुन बमोजिम हुनेछ ?**

A. सङ्घीय कानुन
B. केन्द्रीय कानुन
C. स्थानीय कानुन
D. राष्ट्रिय कानुन

**७६. नगरपालिकाको प्रमुख पदमा कति कार्यकाल निर्वाचित व्यक्ति नगरपालिकाको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ?**

A. एक कार्यकाल
B. दुई कार्यकाल
C. तीन कार्यकाल
D. त्यस्तो व्यवस्था छैन

**७७. गाँउसभाको सदस्य हुन कति वर्ष उमेर पूरा गरेको हुनुपर्दछ ?**

A. १८ वर्ष
B. २० वर्ष
C. २१ वर्ष
D. २५ वर्ष

**७८. सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध नेपालाको संविधानको कति भागमा व्यवस्था गरिएको छ ?**

A. भाग १७
B. भाग १८
C. भाग १९
D. भाग २०

**७९. नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमै बसेको तर बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई केको आधारमा नागरिकता प्रदान गरिनेछ ?**

A. वंशजको आधार
B. अङ्गीकृत नागरिकता
C. सम्मानार्थक नागरिकता
D. यस्तो व्यवस्था छैन

**८०. नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमै बसेको तर बाबु विदेशी नागरिक भएको ठहरिएमा त्यस्तो व्यक्तिलाई कस्तो नागरिकता प्रदान गरिनेछ ?**

A. वंशजको आधार
B. अङ्गीकृत नागरिकता
C. सम्मानार्थक नागरिकता
D. गैरआवसीय नागरिकता

**८१. आर्थिक रुपले विपन्न भन्नाले नेपालको संविधान अनुसार कस्तो व्यक्तिलाई बुझिन्छ ?**

A. केन्द्रीय कानुनले तोकेको आय भन्दा कम आय भएको व्यक्ति
B. न्यून आय भएको व्यक्ति
C. सङ्घीय कानुनले तोकेको आय भन्दा कम आय भएको व्यक्ति
D. मूल कानुनले तोकेको आय भन्दा कम आय भएको व्यक्ति

**८२. पैतृक सम्पत्तिमा कसको हक हुनेछ ?**

A. छोरा
B. छोरा र छोरी
C. छोरी
D. सरकारको

**८३. नेपालको संविधानको कति धारामा सञ्चारको हक छ ?**

A. धारा १६
B. धारा १७
C. धारा १८
D. धारा १९

**८४. नेपालको संविधानको कति धारामा न्यायसम्बन्धी हक रहेको छ ?**

A. धारा २०
B. धारा १७
C. धारा १८
D. धारा १९

**८५. न्याय सम्बन्धी हक नेपालको संविधानअनुसार कसमा लागू हुने छैन ?**

A. विदेशी नागरिक
B. शत्रु देशको नागरिक
C. छिमेकी देशको नागरिक
D. माथिका सबै

**८६. राजनीतिक सहमतिको आधारमा प्रधानमन्त्री निर्वाचित हुन नसकेमा कसरी प्रधानमन्त्री निर्वाचित हुन्छ ?**

A. जनताको सहमतिमा
B. निर्वाचन गरेर
C. निर्वाचनको बहुमतको आधारमा
D. व्यवस्थापितका संसद्को तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतको आधारमा

**८७. मन्त्रिपरिषद्मा कति संख्यामा प्रधानमन्त्रीसहित सदस्यहरु रहनेछन् ?**

A. २०
B. ३५
C. २५
D. आवश्यकता अनुसार

**८८. प्रधानमन्त्रीले को समक्ष शपथग्रहण गर्नुपर्ने व्यवस्था छ ?**

A. राष्ट्रपति
B. प्रधानन्यायाधीश
C. जेठो सभासद
D. कुनै व्यवस्था छैन

गुरुमन्त्र एकेडेमी सफलताको ...

**८९. देहायको कुन अवस्थामा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ ?**

१. राष्ट्रपतिसमक्ष लिखित राजीनमा दिएमा

२. निजको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा

३. निज व्यवस्थापिका .संसद्को नरेहमा

४. निजको मृत्यु भएमा

A. १ र ४ ठीक
C. १ ,२,३, र ४ सबै ठीक
B. १, २, ३ ठीक ४ गलत
D. सबै गलत

**९०. नेपाल सरकारको सञ्चालन के अनुरुप गरिनेछ ?**

A. राजनीतिक सहमति र सहकार्यको संस्कृति अनुरुप
B. जनआन्दोलनको भावनाबाट
C. क र ख दुवै
D. दुवै गलत

**९१. नेपालको संविधानको कति धारा र उपधारामा सर्वोच्च अदालतलाई अभिलेख अदालत भनी किटान गरिएको छ ?**

A. धारा १२८ को उपधारा २ मा
C. धारा १२८ को उपधारा ४ मा
B. धारा १२८ को उपधारा ३ मा
D. धारा १२८ को उपधारा १ मा

**९२. नेपालको संविधानअनुसार प्रदेश व्यवस्थापिका कति सदनात्मक हुने उल्लेख गरिएको छ ?**

A. एक सदनात्मक
C. क र ख दुवै
B. दुई सदनात्मक
D. कुनै व्यवस्था छैन

**९३. न्यायपरिषद्मा कति जना सदस्यहरु रहने व्यवस्था छ ?**

A. ४ जना
C. ३ जना
B. ५ जना
D. ६ जना

**९४. नेपालको संविधानको कुन धारामा सर्वोच्च अदालतको अधिकार क्षेत्रसम्बन्धी व्यवस्था गरिएको छ ?**

A. १२३
C. १३३
B. ११३
D. १४३

**९५. सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्रअन्तर्गत जारी गर्ने रिट्हरुमा देहायको मध्ये कुन पर्दैन ?**

A. बन्दी प्रत्यक्षीकरण
C. पुनरावेदन सुन्ने
B. अधिकारपृच्छा
D. परमादेश

गुरुमन्त्र एकेडेमी सफलताको एक मात्र मन्त्र

**९६. प्रत्यक्ष राष्ट्रपतीय शासनको विशेषतामा तलको मध्ये कुन पर्दैन ?**

A. राष्ट्रपति नै सरकार प्रमुख रहन्छन्।
B. राष्ट्रपति न त व्यवस्थापिकामा निर्भर रहन्छ न त त्यसप्रति जवाफदेही नै हुन्छन।
C. यस सरकारमा व्यवस्थापिका र कार्यपालिका बिच समन्वय भई नै रहनुपर्छ भन्ने बाध्यता हुन्छ।
D. राष्ट्रपति निर्वाचित प्रतिनिधि मानिन्छ जसको कार्यकाल संविधानले निर्दिष्ट गरेको हुन्छ।

**९७. सर्वोच्च अदालतको न्यायाधीशको नियुक्ति कसले गर्दछ ?**

A. न्यायपरिषद्को सिफारिसमा न्यायमन्त्रीले
B. न्यायपरिषद्को सिफारिसमा राष्ट्रपतिले
C. न्यायपरिषद्को सिफारिसमा प्रधानन्यायाधीशले
D. न्यायपरिषद्को सिफारिसमा प्रधानमन्त्रीले

**९८. सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन कहाँ पेस गर्नुपर्दछ ?**

A. व्यवस्थापिकासमक्ष
B. प्रधानमन्त्रीसमक्ष
C. राष्ट्रपतिसमक्ष
D. प्रतिवेदन बुझाउने कुनै व्यवस्था छैन।

**९९. नेपालको सर्वोच्च अदालतको सम्पादन गर्ने कार्यक्षेत्र पेस गर्नुपर्दछ ?**

A. साधारण कार्यक्षेत्र
B. असाधारण कार्यक्षेत्र
C. परामर्शदातृ कार्यक्षेत्र
D. माथिका सबै

**१००. नेपालको वर्तमान संविधानअनुसार एउटा उम्मेदवारले प्रत्यक्षतर्फ कतिवटा निर्वाचन क्षेत्रबाट एकै पटक चुनाव लड्न पाउँछ ?**

A. एक
B. दुई
C. तीन
D. जतिबाट पनि

**समाप्त**

**सफलताको शुभकामना**

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र

| उत्तरकुञ्जिका | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Question | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| Answer | C | A | C | D | A | B | A | B | A | D |
| Question | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
| Answer | B | C | D | B | A | C | D | B | C | B |
| Question | 21 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 | 29 | 30 |
| Answer | B | C | C | B | A | C | B | D | B | C |
| Question | 31 | 32 | 33 | 34 | 35 | 36 | 37 | 38 | 39 | 40 |
| Answer | C | D | C | B | D | D | A | C | D | B |
| Question | 41 | 42 | 43 | 44 | 45 | 46 | 47 | 48 | 49 | 50 |
| Answer | B | C | B | A | A | A | B | D | B | C |
| Question | 51 | 52 | 53 | 54 | 55 | 56 | 57 | 58 | 59 | 60 |
| Answer | D | C | A | D | B | A | A | B | B | B |
| Question | 61 | 62 | 63 | 64 | 65 | 66 | 67 | 68 | 69 | 70 |
| Answer | A | D | C | A | A | C | A | B | D | C |
| Question | 71 | 72 | 73 | 74 | 75 | 76 | 77 | 78 | 79 | 80 |
| Answer | D | B | D | D | A | B | C | D | A | B |
| Question | 81 | 82 | 83 | 84 | 85 | 86 | 87 | 88 | 89 | 90 |
| Answer | C | B | D | A | B | D | C | A | C | C |
| Question | 91 | 92 | 93 | 94 | 95 | 96 | 97 | 98 | 99 | 100 |
| Answer | A | A | B | C | C | B | B | C | D | A |

गुरुमन्त्र एकेडमी
सफलताको एक मात्र मन्त्र